# राष्ट्रिय सूचना आयोग
## का.म.न.पा.-१० (देवीनगर) काठमाडौँ

प. सं. ०७५/७६
च. नं.

### सूचनाको हक सम्बन्धमा विभिन्न भाषाका सञ्चारकर्मीहरुलाई अभिमुखीकरण कार्यक्रम बारेमा प्रेस विज्ञप्ती

नेपालको संविधानले सबै मातृभाषलाई राष्ट्र भाषाका रुपमा अंगिकार गरेको छ । सूचनाको हकलाई संविधानले नागरिकको मौलिक हकको रुपमा लिएको छ । यस अवस्थामा सबै नागरिकलाई सूचनाको हक बारेमा जानकारी गराई सूचना माग्न सक्ने बनाउन मातृभाषाको प्रयोग गर्न सकियोस भन्ने उद्देश्यबाट राष्ट्रिय सूचना आयोगले विविध भाषाका सञ्चारकर्मीहरुका लागि सूचनाको हकसम्बन्धी अभिमुखीकरण कार्यक्रम सम्पन्नगरेको छ ।

कार्यक्रमको उद्घाटन माननीय सञ्चार तथा सूचना प्रविधि मन्त्री श्री पार्वत गुरुङ्गले गर्नुभएको थियो । उद्घाटन मन्तव्य व्यक्त गर्दै मन्त्री गुरुङ्गले सूचनाको हकको महत्व, नागरिक तहसम्म पुग्न विभिन्न भाषाका सञ्चारकर्मीहरुको प्रयोग हुनु महत्वपूर्ण रहेको विचार राख्नुभएको थियो । साथै राष्ट्रिय तथा सार्वजनिक महत्वका सूचनाहरु सबै भाषाभाषिले जान्ने बुझ्ने बातावरण बनाउन आवश्यक रहेको र यस कार्यक्रमले त्यस उद्देश्य पूरा गर्न सहयोग पुगोस भन्ने कामना गर्नुभयो । यस्ता कार्यक्रममा संलग्न आयोगको कार्यमा पनि पारदर्शिता र प्रभावकारितामा बृद्धि हुनुपर्ने, गलत नियतबस दुरुपयोग गर्ने सूचना मागकर्ताको पहिचान गर्नुपर्ने जस्ता कार्यहरुमा ध्यानाकर्षण गराउनुभयो ।

कार्यक्रमको अध्यक्षता गर्दै प्रमुख सूचना आयुक्त श्री महेन्द्रमान गुरुङ्गजयले सूचनाको हक संवैधानिक व्यवस्था भएको र यसको कार्यान्वयन प्रभावकारी बनाउन आयोग लागि परेको विचार व्यक्त गर्दै यसैका लागि विभिन्न भाषाका सञ्चारकर्मीहरुलाइ यस बारेमा जानकारी गराई नागरिक तहसम्म पुऱ्याउने जमर्को गरेको विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा सूचना आयुक्त श्री कमला ओली थापाले सूचनाको हक विश्वव्यापी बन्दै गएकोमा नेपालमा पनि प्रभावकारी रुपमा कार्यान्वयन गर्दै लैजान आवश्यक रहेको विचार व्यक्त गर्नुयभो । स्वागत मन्तव्य राख्दै आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालले कार्यक्रमको महत्व बारेमा प्रकाश पार्नुभएको थियो । कार्यक्रममा विभिन्न भाषाका सञ्चारकर्मीहरुको सहभागिता रहेको छ ।

कार्यक्रमको दोश्रो सत्र आयोगका आयुक्त श्री रत्नप्रसाद मैनालीको अध्यक्षतामा सम्पन्न भएको छ । कार्यक्रममा आयोगका सचिव डा. मुकुन्द प्रसाद पौड्यालले कार्यपत्र प्रस्तुत गर्दै सूचनाको हकका विभिन्न आयामहरुका बारेमा जानकारी गराउनु भएको थियो । गोरखापत्रका बरिष्ठ अधिकारी श्री विवेकानन्द मिश्रले कार्यक्रम महत्वपूर्ण रहेको र यसको सदुपयोग गर्न सकिएमा उपलब्धिमूलक हुने विचार व्यक्त गर्नुएको थियो । छलफलमा सहभागीहरुको जिज्ञासाहरुको जवाफ दिदै आयुक्त श्री मैनालीले भाषिक सञ्चारकर्मीहरुलाई आजको कार्यक्रमबाट प्राप्त ज्ञानको सदुपयोग गर्न र सूचनाको हकलाई नागरिक तहसमक्ष पुऱ्याउन सहयोग गर्न आग्रह गर्नुभएको थियो ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७७ चैत्र ९ गते सोमबार